साझा विचार ताजा समाचार
ग्राहक बन्नु परेमा
विज्ञापन दिन परेमा
पत्रिका ढिलो आएमा
बुटवल टुडे
प्रधान कार्यालयः बुटवल-६, तिलोत्तमा पथ, रुपन्देही
फोनः ०७१-५५४६४०, ५५४६४१, ५५४६४२
URL : www.newsbutwaltoday.com

www.newsbutwaltoday.com
बुटवल पब्लिकेशन प्रा. लि.
राष्ट्रिय 'क' वर्गमा वर्गीकृत
राष्ट्रिय दैनिक
# बुटवल टुडे
साझा विचार, ताजा समाचार

अनुमतिबेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष १० | अंक ११० | शुक्रबार २१ माघ २०७८ Friday 4 February 2022 | पृष्ठः ४ | मूल्यः ६ रुपैयाँ

# माण्डवीका 'मनछुने कार्यक्रम'

**केशरराज क्षेत्री**
प्यूठान, २० माघ।

'कर्मचारी-जनप्रतिनिधि' बीच तालमेल नमिल्दा धेरैजसो स्थानीय सरकारमा विकास निर्माणको कामले गति नलिएको पाइन्छ। काम गर्दागर्दै कर्मचारी बीचमै सरुवा भएपछि जनप्रतिनिधिहरूले चाहे अनुसारको काम गर्न पाएका छैनन्। कर्मचारी नीतिगत रूपमा काम गर्न चाहन्छन्, भने जनप्रतिनिधि व्यवहारिक रूपमा। यी दुईको तालमेललाई मिलाएर लैजानसक्नेहरूले मात्र स्थानीय सरकारमा अपेक्षित प्रतिफल हासिल गरिरहेका छन्।

त्यसै मध्येको एक स्थानीय तह हो, प्यूठानको माण्डवी गाउँपालिका। प्यूठानमा दुई नगरपालिका सहित नौ स्थानीय तह छन्। कर्मचारी र जनप्रतिनिधिहरूबीच विवाद नहुने स्थानीय तहमध्ये माण्डवी अग्रपंक्तिमा पर्छ। त्यसको सकरात्मक असर विकास निर्माणमा परेको छ। गाउँपालिका स्थापनाको शुरुवाती वर्षमा कार्यकारी अधिकृत नारायण पौडेल र त्यसपछि शिशिर रिजाल प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत छन्। संभवतः यी दुई जना कार्यालय प्रमुखको सेवाले नै जनप्रतिनिधिहरूको पहिलो कार्यकाल पुरा हुँदैछ।

छिनछिनमै कर्मचारी फेरबदल नभएपछि सोँचे अनुसारको कार्यसम्पादन गर्न सहज हुने गाउँपालिका अध्यक्ष श्रीधर रोकाले अनुभव सुनाए। 'जनप्रतिनिधीको काम नीति, नियम र योजना ल्याउने हो',उनी भन्छन्,' कर्मचारीहरूको कार्यसम्पादनमा हामीले हस्तक्षेप गर्ने होइन्, त्यसो गरियो भने विवाद आउने कुरै हुँदैन्।' क्षेत्राधिकार मिच्न खोजेमा मात्र विवाद उत्पन्न हुने उनको बुझाई छ। गाउँपालिका स्थापनाको शुरुवाती वर्षदेखि हालसम्म सवै योजनाहरू विवादरहित ढंगले कार्यसम्पादन गरिएको उनले सुनाए।




**श्रीधर रोका**
अध्यक्ष


**शिसिर रिजाल**
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकाको केन्द्र जस्पुरमा टुंगाए लगत्तै थालिएको प्रशासनिक भवनको निर्माण कार्य पुरा भएको छ। केही समयभित्र भवन उद्घाटन गर्ने योजना रहेको रोकाले बताए। गाउँपालिकाले १ हजार ५ सय घरधुरीमा खानेपानी, १ हजार १ सय घरहरू खरका छानामूक्त, उज्यालो माण्डवी कार्यक्रम अन्तर्गत सात सय घरधुरीलाई निःशुल्क मिटरबक्स वितरण र २० यूनिटसम्मको विद्युत महशुल निःशुल्क बनाइएको छ।

गर्भवती र सुत्केरी महिलालाई घरदेखि अस्पतालसम्म निःशुल्क एम्बुलेन्स, शहिद परिवारलाई मासिक भत्ता, उदयपुरकोट दरबार निर्माण, दाङ प्यूठानको सिमानामा रहेको बंगलाचुली पर्यटकीय क्षेत्रलाई बंगलाचुली र माण्डवी दुवै गाउँपालिकाको बरावरी स्वामित्व हुनेगरी भौतिक पूर्वाधार निर्माणका काम भइरहेको अध्यक्ष रोकाले बताए।

गाउँपालिकाले १५ शैंयाको अस्पताल, तीन स्थानमा सामुदायिक स्वास्थ्य इकाई र वडा नम्वर ५ स्थित रम्दीमा बागेश्वरी माध्यमिक विद्यालय स्थापना गरेको छ। समुदायबाट रकम संकलन गरेर थामिएका शिक्षकहरूलाई गाउँपालिकाले दरवन्दी सृजना गरी शिक्षकहरूको दिगो व्यवस्थापन गरेको छ। गाउँका सवै गाउँबस्तीमा सडक पुगेका छन्। ती सडकलाई निरन्तर संचालन हुनेगरी दिगो योजना गाउँपालिकाले बनाउँदै छ।

गाउँपालिकाले लिएको लक्ष्य पुरा गर्नका लागि स्थायी सरकारका रूपमा रहेका कर्मचारीहरूको ठूलो साथ मिलेको अध्यक्ष रोकाले सुनाए। कर्मचारी सरुवालाई भन्दा उनीहरूको स्थायीत्व र दिगो विकासलाई प्रमुख प्राथमिकतामा राखेर काम भइरहेको उनले बताए।

योजना निर्माण, कार्यान्वयनदेखि नागरिकले त्यसको नतिजा अनुभूती नगर्दासम्म कर्मचारी सरुवा हुने प्रवृतिलाई निरुत्साहित गर्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत शिसिर रिजाल बताउँछन्। 'जनप्रतिनिधीले जस्तै कर्मचारीहरूले पनि निश्चित लक्ष्य, उद्देश्य र सौँचका साथ काम गरिरहेका हुन्छन्',उनले भने,'त्यसलाई पुरा गर्नका लागि पुरा कार्यकाल काम गर्न पाउनुपर्छ।' बहुवर्षिय योजना पुरा गर्नका लागि शुरुदेखि अन्त्यसम्म सोही कर्मचारीको काँधमा भएमा प्रतिफल छिटो आउने उनको अनुभव छ।

'आफ्नो कार्यकालमा शुरु भएको योजना पुरा गरेर जाँदा मनमा बेग्लै खुसी र सन्तुष्टि मिल्छ',रिजाल भन्छन्,'कर्मचारीको कार्यसम्पादनमा पनि यसले धेरै राम्रो गर्छ।' उनले चालु खर्चको तुलनामा पूँजिगत खर्च हरेक वर्ष धेरै हुने गरेको जानकारी गराए। वार्षिक करिव ८० प्रतिशत भन्दा माथी पूँजिगत खर्च गाउँपालिकामा हुने उनले बताए। प्रशासनिक, खाजा, भत्ता जस्ता चालु खर्चलाई कम गर्दै लगेको उनले सुनाए। विकास निर्माण, सेवा प्रवाह र शुसासनमा जनप्रतिनिधी र कर्मचारीबीच प्रभावकारी समन्वय हुँदा सफलता लिनसकिने रिजालको अनुभव छ। जिल्लाका प्यूठान नगरपालिका, स्वर्गद्धारी नगरपालिका र ऐरावती गाउँपालिका सवैभन्दा धेरै प्रमुख प्रशासकीय अधिकृतहरू फेरिने स्थानीय तहमा पर्छन्। कर्मचारीहरूको क्षेत्राधिकार मिच्न खोज्दा यी पालिका सधैँ विवादमा मुछिन्छन्। ■

- १ हजार ५ सय घरधुरीमा खानेपानी ।
- १ हजार १ सय घर खरका छानामूक्त ।
- ७ सय घरधुरीलाई निःशुल्क मिटरबस्क ।
- २० यूनिटसम्म विद्युत महशुस निःशुल्क ।
- गर्भवती र सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स ।
- शहिद परिवारलाई मासिक भत्ता ।
- दुर्गम गाउँहरूका विद्यालयको कक्षा स्तरोन्नती ।
- नीजि शिक्षक हटाएर गाउँपालिकाबाट दरवन्दीका शिक्षक भर्ना ।
- रम्दीमा बागेश्वरी मावी स्थापना ।
- ब्राहृणराज्य उदयपुरकोट दरबार निर्माण ।
- दाङको बंगाचुलीलाई बरावरी स्वामित्व हुनेगरी पूर्वाधार निर्माण ।
- कृषि करीडोर निर्माण ।
- १५ शैंयाको अस्पताल निर्माण ।
- तीन स्थानमा सामुदायिक स्वास्थ्य इकाई निर्माण ।
- सबै गाउँबस्तीमा सडक ।

# लुम्बिनीका मुख्यमन्त्रीलाई प्याब्सन प्रदेशको ध्यानाकर्षण



बुटवल, २० माघ- निजी तथा आवासीय बिद्यालय अर्गनाइजेशन नेपाल, लुम्बिनी प्रदेश कमिटीले कोरोनाको तेस्रो लहरको संक्रमण देखिन थालेपछि सरकारले शैक्षिक संस्थाहरू पूर्ण रूपले बन्द गरेकोप्रति ध्यानाकर्षण गराउदै त्यसले शैक्षिक गतिविधिका साथै विदार्थीहरूको पढाईमा पारेको असर र आगामी दिनमा त्यसले पार्ने प्रभावमा गम्भिर बन्न आग्रह गरेको छ।

प्याब्सन लुम्बिनी प्रदेशकातर्फबाट मुख्यमन्त्री कुलप्रसाद केसीलाई भेटी विद्यालय खोल्ने बातावरण तयार गर्न आग्रहसहितको ध्यानाकर्षण पत्र बुझाएको छ। प्याब्सन, प्रदेश अध्यक्ष लालहरि पाण्डेको नेतृत्वमा गएको टोलीले मुख्यमन्त्री समक्ष प्रदेश सरकारको तर्फबाट विद्यालय खोल्न विशेष पहल कदमी अगाडि बढाउन आग्रह गर्दै लामो समयसम्म विद्यालयहरू बन्द भएको खण्डमा त्यसका नकारात्मक असर बालबालिकामा नराम्रोसँग पर्ने भन्दै सचेत हुन भनेको थियो।

पत्र बुझ्दै मुख्यमन्त्री कुल प्रसाद केसीले विद्यालय बन्द रहेको अवस्थाप्रति आफू गम्भिर रहेको बताउँदै विद्यालय खोल्ने बारेमा आफूले पहल गर्ने धारणा राखे। उनले विद्यार्थीलाई दिने खोपलाई व्यवस्थित बनाउने र शैक्षिक क्षेत्र सुचारु गर्ने कुरामा आफूले सिसिएमसीको बैठक राखेर अध्ययन गर्न आग्रह गर्ने प्रतिवद्धता व्यक्त गरे।

ध्यानाकर्षणपत्रमा कोरोनाबाट सबै क्षेत्र प्रभावित भएका उल्लेख गर्दै विकासको प्रमुख आधार शिक्षा क्षेत्र नराम्रोसंग प्रभावित भएको र त्यसका कारण आर्थिक, सामाजिक र सांस्कृति विकासको गति पनि पछाडि धकेलिने अवस्था आएको जनाइएको छ। मुख्यमन्त्रीसँग कोरोनाको संक्रमण दर अधिक भएपनि त्यसको प्रभाव डरलाग्दो रूपमा नदेखिएको र मृत्युदर पनि न्यून रहेको अवस्थामा आमनागरिकलाई खोपको व्यवस्था गर्न तथा स्वास्थ्य मापदण्डको पूर्ण पालना गराई विद्यालय सञ्चालन गर्ने बातावरण बनाउन जरुरी भएको भन्दै पहल गर्न अनुरोध गरिएको छ।

(बाँकी पृष्ठ २ मा)

# दुई दिने चरा फोटो प्रदर्शनी



**बुटवल टुडे संवाददाता**
कपिलवस्तु, २० माघ।

२६ औं सिमसार दिवस तथा ९ औं चरा महोत्सवको अवसरमा कपिलवस्तुको जगदिशपुरमा दुई दिने चरा फोटो प्रदर्शनी भएको छ।

डिभिजन वन कार्यालय कपिलवस्तु, पर्यटन डिभिजन कार्यालय रूपन्देही र जगदिशपुर जलाशय बहुसरोकार मञ्च कपिलवस्तुको सहयोगमा गच्छामी मिडिया ग्रुपले चरा फोटो प्रदर्शनीको आयोजना गरेको हो। दुई दिन सम्म आयोजित फोटो प्रदर्शनीमा राखिएको चराका तस्बिरहरू १ हजार बढि चरा प्रेमीले अवलोकन गरेको गच्छामी मिडिया ग्रुपका अध्यक्ष मनोज कुमार श्रीवास्तवले जानकारी दिए। चरा हमोत्सवका अवसरमा जगदिशपुर जलाशय क्षेत्रमा बर्षौ देखी खिचिएका चराको तस्विर प्रदर्शन गरि चराप्रेमी पर्यटकलाई जगदिशपुरमा चरा पर्यटनको महत्त्व बुझाउन प्रयास गरिएको श्रीवास्तवले प्रष्ट्याए।

चरा फोटो प्रदर्शनीमा फोटोपत्रकारहरू मनोज पौडेल र बृजेश कुमार जयसवालले खिचेका चराका रंगिन फोटोहरूलाई २० बाई ३६ ईन्चको फ्रेममा राखेर प्रदर्शन गरिएको हो। प्रदर्शनीमा राखिएका १९ वटा तस्बिर मध्य १५ प्रजातीका १७ वटा चराका एक्ला एक्लै र बथानका तस्बिर थिए। त्यसैगरि तालबाट मौसम खुलेका बेला देखिएको ८ हजार ९१ मिटर अग्लो अन्नपूर्ण पहिलो हिमालको तस्बिर सगै अदित्यि सप्तरंगी ईन्द्रेणीले ताल घेरिएको तस्बिर समेत राखिएको थियो। प्रदर्शित चराको तस्बिरमा रैथाने, पाहुना चरा र बिश्वका दुर्लभ प्रजातीका थिए। तस्बिरले चराको चिरबिराहट, जलक्रिडा र जलविहारलाई प्रतिबिम्बित गरेको थियो। प्रर्दशनीमा सुईरोठुँडे चरा, माटीकोरे, सारस, भुँडीफोड गरुण, सेतो साँवरी, सानो जलेवा, जलेवा, प्रवालपाद, फुस्रो बकुल्ला, जल अप्सरा, चखेवा चखेवी, सुनजुरे हाँस, खोया हाँस, मरुल र सिलसिले हाँसका प्रजातीका चराको तस्बिर राखिएको थियो।

जगदिशपुर जलाशय क्षेत्रमा पाईने बिभिन्न प्रजातीका चराको तस्बिर हेर्न पाउदाँ रोमान्चित भएको चराप्रेमी अनन्ता न्यौपानेले बताईन। सिमसार क्षेत्र र चराको प्रचार प्रसारमा समेत प्रदर्शनीले सहयोग पुऱ्याएको उनको भनाइ थियो।

(बाँकी पृष्ठ २ मा)

प्रदेश सभा
☎०७१-५३००२०
☎०७१-५५४१८२
पूर्ण बहादुर घर्ती
सभामुख

प्रदेश सभा स्थापना दिवसको सन्देश

ऐतिहासिक दोस्रो संविधान सभाबाट पारित एवं २०७२ असोज ३ गते घोषित संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल अन्तर्गत ७ प्रदेशको राज्य संरचना भएसंगै हामी प्रदेश सभा र प्रदेश सरकारको अभ्यास गरिरहेका छौं । २०७४ माघ २१ गते प्रदेश नं. ५ (हाल लुम्बिनी प्रदेश) को स्थापना भएको ४ बर्ष पूरा हुँदैछ । संघीय संरचनाको पहिलो अभ्यास, अस्थायी राजधानी र अस्थायी संरचना, आवश्यक कर्मचारी र भौतिक पूर्वाधारको अभावबाट शुरु भएको प्रदेश सभाको पहिलो वर्ष थुप्रै अभावहरु झेलेर बित्यो । हालसम्म आउँदा अस्थायी रुपमै भएपनि प्रदेश सभाका लागि आवश्यक न्युन पूवार्धारहरुबाटै हाम्रो आवश्यकतालाई आधारभूत रुपमा पूरा गर्ने अवस्थामा पुगेको छ । प्रदेशको स्थायी राजधानी र नामाकरणको निर्धारण संगै स्थायी राजधानी दाङको देउखुरीमा प्रदेश सभा भवन निर्माणाधीन अवस्थामा रहेको छ । कानून निर्माणका दृष्टिले प्रदेश सभाबाट ७४ वटा दर्ता भएको मध्ये ६७ वटा विधेयक पारित भई प्रमाणिकरण भइसकेका छन् । ४ वटा विधेयकहरु फिर्ता भएका छन् भने २ वटा विधेयक समितिमा विचाराधीन र १ वटा विधेयक दर्ता भइ सदनमा पेश हुन बाँकी छ । विविध सीमा समस्या सहित संघीय कार्यान्वयनको नयाँ सिकाई मार्फत चार वर्ष पूरा भएको यस ऐतिहासिक अवसरमा म सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । विश्वव्यापिरुपमा फैलिएको कोभिड महामारीको तेस्रो भेरियन्टबाट आफु बच्न र अरुलाई पनि बचाउन सबैले स्वास्थ्य मापदण्डको पालना गरौं । प्रदेश सभा सञ्चालनको बाँकी अवधि अझ शसक्त, जनउत्तरदायी, जनमुखी र संघीय कार्यान्वयको निम्ति प्रदेश सभाले पूरा गर्ने कानून निर्माण र आवश्यक पहलको वर्ष बन्न सकोस् ।

धन्यवाद !
पूर्ण बहादुर घर्ती
लुम्बिनी प्रदेश

Nepal e-Com. Concern
Butwal, Rupandehi, Tel: 071-531699, 534699, Mob.: 9857026383
COMPUTER
LAPTOP
PRINTER
INVERTOR, SOLAR & BATTERY
• Medicine Business Accounting Software
• Trading Business, Manufacturer A/C Software
• Computer, Printer, Laptop Sales & Maintenance
• Online, OFF Line UPS, Invertor, Battery Solar
All kinds of IT Equpments
E-mail: info@neccomputech.com, narayanshresth99@gmail.com
Website: www.neccomputech.com